संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - ७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल चैत २३ गते सोमबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्य श्री सानु शिवाको मृत्यू भई रिक्त स्थानमा श्री जानकी देवी राम समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुभएको पत्र मिति २०७७ चैत १९ गते निर्वाचन आयोगबाट प्राप्त भएको र उहाँले मिति २०७७ चैत २२ गते शपथ ग्रहणसमेत गर्नुभएको जानकारी गराउँदै प्रतिनिधि सभाको बैठकमा नवनिर्वाचित माननीय सदस्य श्री जानकी देवी रामलाई आफ्नो व्यक्तिगत एवं सिंगो सदनको तर्फबाट हार्दिक स्वागत गर्दै कार्यकालको सफलताको शुभकामना समेत दिनुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री भीमसेनदास प्रधान
३. मा० श्री भैरव बहादुर सिंह
४. मा० श्री मन कुमारी जि.सी.
५. मा० श्री महेश बस्नेत
६. मा० श्री मीनबहादुर विश्वकर्म
७. मा० श्री मिना सुब्बा
८. मा० श्री मेटमणि चौधरी
९. मा० श्री मैना कुमारी भण्डारी
१०. मा० श्री यज्ञबहादुर बोगटी
११. मा० श्री योगेश कुमार भट्टराई
१२. मा० श्री रंगमति शाही
१३. मा० श्री राजबहादुर बुढा क्षेत्री
१४. मा० श्री राजेन्द्र कुमार के.सी.
१५. मा० श्री रामबहादुर विष्ट
१६. मा० श्री रेखा कुमारी
१७. मा० श्री रेनुका गुरुङ्ग
१८. मा० श्री लक्ष्मी परियार

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा देहायका मा० सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो :-

१. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२. मा० श्री देवेन्द्र राज कंडेल
३. मा० श्री शशी श्रेष्ठ
४. मा० श्री एकवाल मियाँ
५. मा० श्री राजेन्द्रप्रसाद लिङदेन
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री तिलबहादुर महत क्षेत्री
८. मा० श्री डिला सँग्रौला (पंत)
९. मा० श्री पूर्ण कुमारी सुवेदी
१०. मा० श्री प्रदिप यादव
११. मा० श्री पदम गिरी
१२. मा० श्री उमा रेग्मी
१३. मा० श्री दिव्यमणि राजभण्डारी

त्यसपछि मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले सम्माननीय राष्ट्रपतिबाट हालै भएको बंगलादेश भ्रमण, दार्चुलास्थित महाकाली नदीमा सुरक्षा वालको निर्माण कार्यमा भारतीय पक्षले दुई देशको सीमा मिचेर निर्माण गरेको सम्बन्धमा अध्ययन टोली गठन भएको, म्यानमारमा विकसित घटनाक्रमको सन्दर्भमा सरकारले सोही दिन प्रेस नोट जारी गरेको, लोकतन्त्र र परिवर्तनका लागि योगदान गर्नुहुने योद्धाहरुको विवरण अद्यावधिक गरिने, सरकारले विश्वासको मत लिनुपर्ने अवस्था नरहेको लगायत विषयहरुमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीले जवाफ दिनुभयो ।

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री देवेन्द्र राज कंडेल
३. मा० श्री दिलेन्द्र प्रसाद बडू
४. मा० श्री गगन कुमार थापा

| | | | |
|---|---|---|---|
| ५. | मा० श्री डिला सँग्रौला (पंत) | ९. | मा० श्री भरत कुमार शाह |
| ६. | मा० श्री दिव्यमणि राजभण्डारी | १०. | मा० श्री प्रेम सुवाल |
| ७. | मा० श्री टेकबहादुर बस्नेत | ११. | मा० श्री सत्यनारायण शर्मा खनाल |
| ८. | मा० श्री राजेन्द्र कुमार के.सी. | १२. | मा० श्री देवप्रसाद गुरुङ्ग |

तत्पश्चात मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री हृदयेश त्रिपाठीले कोभिड-१९ को रोकथामका लागि सरकारले गरेका कार्य र खोप कार्यक्रम सञ्चालन गर्ने विषयमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री हृदयेश त्रिपाठीले जवाफ दिनुभयो ।

| | | | |
|---|---|---|---|
| १. | मा० श्री देवेन्द्र राज कंडेल | ८. | मा० श्री रामबहादुर विष्ट |
| २. | मा० श्री रंगमति शाही | ९. | मा० श्री भिमसेनदास प्रधान |
| ३. | मा० श्री पुष्पा भुसाल (गौतम) | १०. | मा० श्री भरत कुमार शाह |
| ४. | मा० श्री डिला सँग्रौला (पंत) | ११. | मा० श्री दिलेन्द्र प्रसाद बडू |
| ५. | मा० श्री पार्वता डि.सी. चौधरी | १२. | मा० श्री सुजाता परियार |
| ६. | मा० श्री गगन कुमार थापा | १३. | मा० श्री दिव्यमणि राजभण्डारी |
| ७. | मा० श्री राजेन्द्र कुमार के.सी. | १४. | मा० श्री प्रेम सुवाल |

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठले "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तीसौं वार्षिक प्रतिवेदन आ. व. २०७६/२०७७" पेश गर्नुभयो ।

तत्पश्चात सार्वजनिक लेखा समितिका मा० सभापति श्री भरत कुमार शाहले "सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

त्यसपछि राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशी श्रेष्ठले "निजामति सेवा विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

तदुपरान्त बैठक २०७७ साल चैत २६ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव